# दुधौली नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक

नगरसभाबाट स्वीकृत मितिः२०७४।०३।३१

नगरप्रमुखबाट प्रमाणीकरण मितिः२०७४।०३।३१

**दधौली नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**दुधौली, सिन्धुली**
**३ नं प्रदेश नेपाल**

**दुधौली नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक**

नगरसभा वाट स्वीकृत मिति : २०७४।०३।३१

**प्रस्तावना :**

दुधौली नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधान धारा २२९ को उप- धारा (२) बमोजिम दुधौली नगरसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रास्म्भ :** (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७४/२०७५ को निमित्त सञ्चित कोषवाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७४/०७५ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लेखित चाल खर्चू, पुँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ७७,३०,१७,४६०।- (अक्षेरुपी सतहत्तर करोड तीस लाख सत्र हजार चार सय साठी रुपैया मात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषवाट खर्च गर्न सकिनेछ र यो रकममा समावेश नभएको तर विषयगत शाखाको कार्यको लागि विभिन्न विषयगत कार्यालयहरुबाट रकम प्राप्त भएमा नगरकार्यपालिकाको बैठकको निर्णयानुसार स्वीकृत कार्यकमको लागि उक्त रकम समेत सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषवाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/०७५ को निमित्त दुधौली नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले वचत हुने शीर्षकवाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकवाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च गर्न सकिनेछ। पुँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था

अर्न्तगत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतवाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकवाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १०% भन्दा वढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृत लिनु पर्नेछ ।

# अनुसूचि -१

(दफा २ सँग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषवाट विनियोजन हुने रकम

रु. हजारमा

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | नगरकार्यपालिका | - | १,७४,२६७।७४ | २,०५,५३९।०० | - | ३,७९,८०६।७४ |
| २ | वडा समिति | - | १८,१२६।७२ | २,१०,०००।०० | - | २,२८,१२६।७२ |
| ३ | विषयगत शाखा | - | १,४३,५२६।०० | २१,५५८।०० | - | १,६५,०८४।०० |
| ४ | ऋणको सावा व्याज भुक्तानी | - | - | - | - | - |
| ५ | लगानी (शेयर/ऋण) | - | - | - | - | - |
| **जम्मा** | | | **३,३५,९२०।४६** | **४,३७,०९७।००** | | **७,७३,०१७।४६** |